# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर पौडेल 49th SAARCFINANCE Governors' Group Meeting and Symposium मा सहभागी



गभर्नर प्रा.डा. विश्वनाथ पौडेल २०८३ असार २५ र २६ गते भुटानको पारोमा आयोजित '49th SAARCFINANCE Governors' Group Meeting and Symposium' मा सहभागी हुनुभयो ।

बैठकको पहिलो दिन भुटानका अर्थमन्त्री ल्यान्पो लेके दोर्जीले उद्घाटन मन्तव्य र रोयल मनिटरी अथोरिटी अफ भुटानका गभर्नर याङ्चेन सोग्यलले स्वागत मन्तव्य राख्नुभयो ।

बैठकका क्रममा 'Advancing Regional Financial Integration through Digital Payment Connectivity and Innovation' विषयमा प्यानल छलफल भयो । सो छलफलमा गभर्नर पौडेलसँगै भुटान र श्रीलङ्काको केन्द्रीय बैंकका गभर्नर र रिजर्व बैंक अफ इन्डियाका डेपुटी गभर्नर सहभागी हुनुहुन्थ्यो ।

सो अवसरमा गभर्नर पौडेलले पछिल्लो समय नेपालमा भएका विद्युतीय भुक्तानी प्रणालीको विकास र अन्दरदेशीय भुक्तानीमा भएका प्रयासबारे जानकारी दिनुभयो ।

बैठकको दोस्रो सत्रमा सहभागी केन्द्रीय बैंकका प्रतिनिधिका तर्फबाट 'Enablers and Challenges in Advancing Cross Border Payment Interoperability' विषयमा प्रस्तुति दिइएको थियो । सो क्रममा यस बैंकका तर्फबाट भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक निश्चल अधिकारीले नेपालको अन्तरदेशीय भुक्तानीको स्थितिबारे प्रस्तुति दिनुभयो ।

बैठकको दोस्रो दिन SAARCFINANCE Governors' Group Meeting सम्पन्न भयो । सो अवसरमा सार्क क्षेत्रका केन्द्रीय बैंकका गभर्नर, डेपुटी गभर्नर र अन्य प्रतिनिधिको सहभागिता थियो । बैठकलाई सम्बोधन गर्दै गभर्नर पौडेलले हाल नेपालमा राजनीतिक स्थायित्व कायम रहेको उल्लेख गर्दै बाह्य क्षेत्र र वित्तीय क्षेत्र स्थायित्वको अवस्था सबल रहेको जानकारी दिनुभयो । तथापि, अन्तर्राष्ट्रिय भूराजनीतिक प्रभावका कारण मूल्यस्थितिसँगै समग्र अर्थतन्त्रमा चुनौती कायमै रहेको उहाँको भनाइ थियो । बैठकमा सहभागी अन्य केन्द्रीय बैंकका



प्रतिनिधिका तर्फबाट आ-आफ्नो मुलुकको आर्थिक तथा वित्तीय स्थितिबारे जानकारी दिइएको थियो । बैठकका क्रममा सार्क क्षेत्रमा अन्तरदेशीय भुक्तानी प्रणालीको सबलीकरणका निम्ति सहभागी गभर्नरहरूले जोड दिनुभएको थियो ।

बैठकमा सार्क क्षेत्रमा जलवायु लगानी तथा दिगो विकास, वित्तीय समावेशीकरण, सार्क मुलुकबीच ‘करेन्सी स्वाप’को ढाँचा, साझा अनुसन्धान र तथ्याङ्क प्रणाली, सार्क छात्रवृत्ति र आगामी कार्यदिशाका विषयमा सहभागीहरूबीच छलफल भएको थियो ।

बैठकका दौरान गभर्नर पौडेलले भुटानका अर्थमन्त्री दोर्जीसँग अलग्गै भेटवार्ता गर्नुभएको थियो । बैठकमा सहभागी भई गभर्नर पौडेल असार २८ गते स्वदेश फर्कनुभयो । बैठकमा भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक निश्चल अधिकारी, गभर्नरको कार्यालयका निर्देशक शरण कुमार अधिकारी र उप-निर्देशक स्वेच्छा शाक्यसमेत सहभागी हुनुहुन्थ्यो ।

'SAARCFINANCE' दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) मा आबद्ध मुलुकका केन्द्रीय बैंकका गभर्नर तथा अर्थ सचिवहरूको सञ्जाल हो । सार्क राष्ट्रबीच समष्टिगत आर्थिक नीतिको विषयमा छलफल र पारस्परिक सहयोग आदान प्रदान गर्ने उद्देश्यका साथ सन् १९९८ मा 'SAARCFINANCE' को स्थापना भएको थियो । सन २००२ जनवरीमा काठमाडौंमा सम्पन्न ‘एघारौँ सार्क शिखर सम्मेलन’ ले 'SAARCFINANCE' लाई औपचारिक मान्यता दिएको थियो ।